नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ५७१९६४४/६४५/६४६
एक्सटेन्सन १५००
पोष्ट बक्स: ७३
Email: fxmd_policy@nrb.org.np

इ.प्रा. परिपत्र संख्या : २/२०८३-८४

मितिः २०८३/०६/१९

**श्री नेपाल राष्ट्र बैंक, बैंकिङ विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु,**
**श्री विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**
**श्री विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त सम्पूर्ण निकायहरु ।**

**विषय : एकीकृत परिपत्र-२०८२ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्ने सम्बन्धमा जारी गरिएको एकीकृत परिपत्र-२०८२ मा संलग्नबमोजिम संशोधन गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**भवदीय,**

**(डा.डिल्लीराम पोखेल)**
**कार्यकारी निर्देशक**

**बोधार्थः**

१) श्री गभर्नरको कार्यालय ।
२) नेपाल सरकार, परराष्ट्र मन्त्रालय ।
३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४) नेपाल सरकार, अर्थ मन्त्रालय, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग ।
५) नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।
६) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
७) नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
८) नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग ।
९) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
१०) श्री नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभाग ।
११) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
१२) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
१३) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
१४) श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
१५) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
१६) श्री नेपाल बैंकर्स संघ ।
१७) श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन नेपाल ।
१८) श्री नेपाल वित्तीय संस्था संघ ।
१९) श्री मुद्रा सटही व्यवसायी संघ ।
२०) श्री नेपाल सुन चाँदी व्यवसायी महासंघ ।
२१) श्री नेपाल सुन चाँदी रत्न तथा आभुषण महासंघ ।
२२) श्री नेपाल हस्तकला महासंघ ।
२३) श्री होटल एशोसियसन अफ नेपाल ।
२४) श्री नेपाल एशोसियसन अफ टूर एण्ड ट्राभल एजेन्ट्स ।
२५) श्री ट्रेकिङ्ग एजेन्सिज एशोसियसन अफ नेपाल (टान) ।

| क्र.सं. | एकीकृत इ.प्रा. परिपत्र | खण्ड/ दफा/ बुँदा | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|---|
| १. | १/ २०८२ | १.३.१ (झ) | यस्तो सटही सुविधा माग गर्ने आयातकर्ताहरूबाट आयात गरिने वस्तुहरू आयात गरी नसकेको प्रतिबद्धता समेत अनिवार्य रूपमा लिनु पर्नेछ। साथै, वस्तु आयात बापतको भुक्तानी सामान Shipment हुनुपूर्व नै पठाइसकेको हुनु पर्नेछ। | यस्तो सटही सुविधा माग गर्ने आयातकर्ताहरूबाट आयात गरिने वस्तुहरू आयात गरी नसकेको प्रतिबद्धता समेत अनिवार्य रूपमा लिनु पर्नेछ। साथै, वस्तु आयात **मूल्यको न्यूनतम दश प्रतिशत रकम** सामान Shipment हुनुपूर्व नै पठाइसकेको हुनु पर्नेछ **र भन्सारबाट सामान जाँचपास हुनुपूर्व नै पूर्ण भुक्तानी पठाइसकेको हुनु पर्नेछ।** |
| २. | १/ २०८२ | १.७.१७ | यस्तो सटही सुविधा माग गर्ने आयातकर्ताहरूबाट आयात गरिने वस्तुहरू आयात गरी नसकेको प्रतिबद्धता समेत अनिवार्य रूपमा लिनु पर्नेछ । साथै, वस्तु आयातको भुक्तानी सामान Shipment हुनुपूर्व नै पठाइसकेको हुनु पर्नेछ। | यस्तो सटही सुविधा माग गर्ने आयातकर्ताहरूबाट आयात गरिने वस्तुहरू आयात गरी नसकेको प्रतिबद्धता समेत अनिवार्य रूपमा लिनु पर्नेछ। साथै, वस्तु आयात **मूल्यको न्यूनतम दश प्रतिशत रकम** सामान Shipment हुनुपूर्व नै पठाइसकेको हुनु पर्नेछ **र भन्सारबाट सामान जाँचपास हुनुपूर्व नै पूर्ण भुक्तानी पठाइसकेको हुनु पर्नेछ।** |
| ३. | १/ २०८२ | १.७.१७ क | *(हाल नभएको)* | **ड्राफ्ट/टी.टी. को माध्यमबाट आयात हुने वस्तुको Shipment हुनुपूर्व आंशिक भुक्तानी भएको मासिक विवरण अनुसूची १.९क बमोजिम महिना समाप्त भएको १५ दिन भित्र यस विभागमा पेश गर्नुपर्नेछ।** |
| ४. | १/ २०८२ | १.९.१ (ग)(३) | नेपाली वायुसेवा कम्पनीहरूले हवाई जहाजका इन्जिन वा पार्टपूर्जा जस्ता सामान आयात गर्दा सम्बन्धित नियमनकारी निकाय (नेपाल नागरिक उडड्यन प्राधिकरण) को सिफारिस समेतका कागजातका आधारमा प्रचलित व्यवस्था अन्तर्गत रही अमेरिकी डलर १ लाखसम्मको अग्रिम भुक्तानी बैंक तथा वित्तीय सस्था स्वयमले पठाउन सक्नेछन् । तर यस प्रयोजनको लागि विदेशी बैंकको वैक ग्यारेण्टी आवश्यक पर्ने छैन। | नेपाली वायुसेवा कम्पनीहरूले हवाई जहाजका इन्जिन वा पार्टपूर्जा जस्ता सामान आयात गर्दा सम्बन्धित नियमनकारी निकाय (नेपाल नागरिक उडड्यन प्राधिकरण) को सिफारिस समेतका कागजातका आधारमा प्रचलित व्यवस्था अन्तर्गत रही **अमेरिकी डलर ५ लाखसम्मको** अग्रिम भुक्तानी बैंक तथा वित्तीय संस्था स्वयमले पठाउन सक्नेछन् । तर यस प्रयोजनको लागि विदेशी बैंकको बैंक ग्यारेण्टी आवश्यक पर्ने छैन। |
| ५. | १/ २०८२ | अनुसूची १.१७ मा थप गरी क्रम संख्या मिलान गर्ने | *(हाल नभएको)* | **२७१०.१९.९४ Rubber Processing Oil** |
| ६. | ७/ २०८२ | ८(ख) | विदेशस्थित अस्पतालमा गई औषधोपचार गराउने र आवश्यक औषधि तथा उपचारजन्य उपकरण खरिद गर्ने प्रयोजनका लागि नेपाली नागरिकहरूलाई देहाय बमोजिमको प्रकृया पूरा | विदेशस्थित अस्पतालमा गई औषधोपचार गराउने र आवश्यक औषधि तथा उपचारजन्य उपकरण खरिद गर्ने प्रयोजनका लागि नेपाली नागरिकहरूलाई देहाय बमोजिमको प्रकृया पूरा |

| क्र.सं. | एकीकृत इ.प्रा. परिपत्र | खण्ड/ दफा/ बुँदा | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|---|
| | | | गरी बैंक तथा वित्तीय संस्थाहरूले वार्षिक अमेरिकी डलर १५ हजारसम्म सटही सुविधा प्रदान गर्न सक्नेछन् : | गरी बैंक तथा वित्तीय संस्थाहरूले वार्षिक **अमेरिकी डलर ३० हजारसम्म** सटही सुविधा प्रदान गर्न सक्नेछन् : |
| ७. | ७/ २०८२ | ८(ग) | दूर संचार सम्बन्धी सेवा प्रदायक नेपाली कम्पनीहरूले विदेशी सेवा प्रदायक कम्पनीहरूसँग सम्झौता गरी सेटेलाइट सेवा भाडामा लिने वा प्रयोग गरेकोमा देहायका कागजात लिई भाडा बापत वार्षिक अमेरिकी डलर १ लाखसम्मको भुक्तानी बैंक तथा वित्तीय सस्था स्वयम्ले गर्न सक्नेछन् : | दूर संचार सम्बन्धी सेवा प्रदायक नेपाली कम्पनीहरूले विदेशी सेवा प्रदायक कम्पनीहरूसँग सम्झौता गरी सेटेलाइट सेवा भाडामा लिने वा प्रयोग गरेकोमा देहायका कागजात लिई भाडा बापत वार्षिक **अमेरिकी डलर ५ लाखसम्मको** भुक्तानी बैंक तथा वित्तीय सस्था स्वयम्ले गर्न सक्नेछन् : |
| ८. | ११/ २०८२ | (क)३. | नियामक निकायबाट सम्झौता/सहमति स्वीकृत वा सटही सिफारिसको आधारमा यस परिपत्रको बुँदा नं. ५ मा उल्लिखित कागजातहरु लिई प्रति पटक अमेरिकी डलर १५,००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्म वाणिज्य बैंकहरुबाट नै सटही सुविधा प्रदान गर्न सकिनेछ । | नियामक निकायबाट सम्झौता/सहमति स्वीकृत वा सटही सिफारिसको आधारमा यस परिपत्रको बुँदा नं. ५ मा उल्लिखित कागजातहरु लिई प्रति पटक **अमेरिकी डलर ३०,०००** वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्म वाणिज्य बैंकहरुबाट नै सटही सुविधा प्रदान गर्न सकिनेछ । |
| ९. | ११/ २०८२ | (क)४. | प्रति पटक अमेरिकी डलर १५,००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राभन्दा माथिको भुक्तानीको लागि नियामक निकायको सिफारिस सहित यस विभागको स्वीकृतिको आधारमा मात्र सटही सुविधा प्रदान गर्नु पर्नेछ । साथै, नियामक निकाय नभएको र नियामक निकायबाट सम्झौता/सहमति स्वीकृत वा सिफारिस हुन नसकेको अवस्थामा प्रति पटक अमेरिकी डलर ८,००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा भन्दा अधिक रकमको भुक्तानीको लागि समेत यस विभागको स्वीकृतिको आधारमा मात्र सटही सुविधा प्रदान गर्नु पर्नेछ । | प्रति पटक **अमेरिकी डलर ३०,०००** वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राभन्दा माथिको भुक्तानीको लागि नियामक निकायको सिफारिस सहित यस विभागको स्वीकृतिको आधारमा मात्र सटही सुविधा प्रदान गर्नु पर्नेछ । साथै, नियामक निकाय नभएको र नियामक निकायबाट सम्झौता/सहमति स्वीकृत वा सिफारिस हुन नसकेको अवस्थामा प्रति पटक अमेरिकी डलर ८,००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा भन्दा अधिक रकमको भुक्तानीको लागि समेत यस विभागको स्वीकृतिको आधारमा मात्र सटही सुविधा प्रदान गर्नु पर्नेछ । |
| १०. | ११/ २०८२ | (क)१०. | एकीकृत इ.प्रा. परिपत्रः १/२०८२ को दफा १.९.१ को खण्ड (ग) बमोजिम सेवा आयात गर्दा देहायबमोजिम हुनेछः<br>(१) सेवा आयात गर्दाको हकमा प्रति पटक अमेरिकी डलर १५,०००।- वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा भन्दा बढी रकमको विदेशी मुद्रा अग्रिम भुक्तानी गर्नु पर्ने भएमा विदेशी बैंकको बैंक ग्यारेण्टी आवश्यक पर्नेछ ।<br>(२) प्रति पटक अमेरिकी डलर १५,०००।- भन्दा बढी रकमको सेवा आयात गर्दा नियामक निकायको सिफारिस लिनु पर्नेछ । | एकीकृत इ.प्रा. परिपत्रः १/२०८२ को दफा १.९.१ को खण्ड (ग) बमोजिम सेवा आयात गर्दाको हकमा **यस परिपत्रमा उल्लिखित अन्य व्यवस्थाहरुको पालना हुने गरी** प्रति पटक **अमेरिकी डलर ३०,०००।-** वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा भन्दा बढी रकमको विदेशी मुद्रा अग्रिम भुक्तानी गर्नु पर्ने भएमा विदेशी बैंकको बैंक ग्यारेण्टी आवश्यक पर्नेछ । |

| क्र.सं. | एकीकृत इ.प्रा. परिपत्र | खण्ड/ दफा/ बुँदा | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|---|
| ११. | ११/ २०८२ | (ख)३. | माथि दफा २ को अवस्था बाहेक नेपालमा विधिवत दर्ता भई कारोबार गर्न स्वीकृति प्राप्त गरेका नेपाली तथा विदेशी संघ/संस्था/कम्पनी आदिले भारतस्थित संघ/संस्था/कम्पनीसँग विविध सेवा सुविधा लिने सम्झौता/सहमति बमोजिमको प्रति पटक भारतीय रुपैयाँ ४० लाखसम्मको भुक्तानी वाणिज्य बैंकहरूबाट माथि दफा २ मा उल्लेखित कागजातहरूका अतिरिक्त भुक्तानी गर्नु पर्ने रकमको लागि सम्बन्धित नियामक निकायबाट सम्झौता/सहमति स्वीकृत वा सटही सिफारिस भएको पत्र लिई सटही सुविधा प्रदान गर्न सकिनेछ। प्रति पटक भारतीय रुपैयाँ ४० लाखभन्दा माथिको भुक्तानी तथा नियामक निकाय नभएको र नियामक निकायबाट सम्झौता स्वीकृत वा सिफारिस हुन नसकेको अवस्थामा सोभन्दा कम रकममा समेत (माथि दफा २ को अवस्था बाहेक) यस विभागको स्वीकृतिको आधारमा मात्र सटही सुविधा प्रदान गर्नु पर्नेछ। | माथि दफा २ को अवस्था बाहेक नेपालमा विधिवत दर्ता भई कारोबार गर्न स्वीकृति प्राप्त गरेका नेपाली तथा विदेशी संघ/संस्था/कम्पनी आदिले भारतस्थित संघ/संस्था/कम्पनीसँग विविध सेवा सुविधा लिने सम्झौता/सहमति बमोजिमको प्रति पटक **भारतीय रुपैयाँ ६० लाख**सम्मको भुक्तानी वाणिज्य बैंकहरूबाट माथि दफा २ मा उल्लेखित कागजातहरूका अतिरिक्त भुक्तानी गर्नु पर्ने रकमको लागि सम्बन्धित नियामक निकायबाट सम्झौता/सहमति स्वीकृत वा सटही सिफारिस भएको पत्र लिई सटही सुविधा प्रदान गर्न सकिनेछ। प्रति पटक **भारतीय रुपैयाँ ६० लाखभन्दा** माथिको भुक्तानी तथा नियामक निकाय नभएको र नियामक निकायबाट सम्झौता स्वीकृत वा सिफारिस हुन नसकेको अवस्थामा सोभन्दा कम रकममा समेत (माथि दफा २ को अवस्था बाहेक) यस विभागको स्वीकृतिको आधारमा मात्र सटही सुविधा प्रदान गर्नु पर्नेछ। |
| १२. | ११/ २०८२ | (ग)२ | हवाई जहाजका इन्जिन वा पार्टपूर्जा जस्ता सामान विदेश लगी मर्मत गरी ल्याउने प्रयोजनका लागि देहाय बमोजिमका कागजातका आधारमा प्रचलित व्यवस्था अन्तर्गत रही अमेरिकी डलर १ लाखसम्मको अग्रिम भुक्तानी बैंक तथा वित्तीय संस्थाबाट पठाउन सकिनेछ : | हवाई जहाजका इन्जिन वा पार्टपूर्जा जस्ता सामान विदेश लगी मर्मत गरी ल्याउने प्रयोजनका लागि देहाय बमोजिमका कागजातका आधारमा प्रचलित व्यवस्था अन्तर्गत रही **अमेरिकी डलर ५ लाख**सम्मको अग्रिम भुक्तानी बैंक तथा वित्तीय संस्थाबाट पठाउन सकिनेछ : |
| १३. | ११/ २०८२ | (घ)२. | बुँदा (१) बमोजिम प्राप्त रकम ननाघ्ने गरी निर्यात रकम प्राप्त गर्ने सम्बन्धित वाणिज्य बैंकले तेस्रो मुलुकको हकमा अमेरिकी डलर १२,००० र भारतको हकमा भा.रु. ३० लाखको सीमाभित्र रहने गरी आयातको लागि भुक्तानी सुविधा उपलब्ध गराउन सक्नेछ। | बुँदा (१) बमोजिम प्राप्त रकम ननाघ्ने गरी निर्यात रकम प्राप्त गर्ने सम्बन्धित वाणिज्य बैंकले तेस्रो मुलुकको हकमा **अमेरिकी डलर ३०,००० र भारतको हकमा भा.रु. ६० लाखको** सीमाभित्र रहने गरी आयातको लागि भुक्तानी सुविधा उपलब्ध गराउन सक्नेछ। |
| १४. | १२/ २०८२ | १२.१ (घ) | दृश्यावलोकन/पैदलयात्रा लगायत अन्य पर्यटकीय सेवा बिक्रीको रिप्याट्रिएशन इजाजतपत्रप्राप्त ट्राभल/टूर लगायतका एजेन्सीले देश बाहिर उपलब्ध गराउने दृश्यवलोकन/पैदल यात्रा लगायतका विविध पर्यटकीय सेवा बापत विदेशस्थित एजेन्टलाई भुक्तानी गर्नु पर्दा देहाय बमोजिम गर्नु/गराउनु पर्नेछ :-<br>(१) सम्बन्धित ट्राभल/टूर एजेन्टको नाममा विदेशबाट सो प्रयोजनको लागि प्राप्त विदेशी | दृश्यावलोकन/पैदलयात्रा लगायत अन्य पर्यटकीय सेवा बिक्रीको रिप्याट्रिएशन इजाजतपत्रप्राप्त ट्राभल/टूर लगायतका एजेन्सीले देश बाहिर उपलब्ध गराउने दृश्यवलोकन/पैदल यात्रा लगायतका विविध पर्यटकीय सेवा बापत विदेशस्थित एजेन्टलाई भुक्तानी गर्नु पर्दा देहाय बमोजिम गर्नु/गराउनु पर्नेछ :-<br>(१) सम्बन्धित **इजाजतपत्रप्राप्त** ट्राभल/टूर एजेन्टको नाममा विदेशबाट **वा नेपालमा विदेशी पर्यटकबाट** सो प्रयोजनको लागि |

| क्र.सं. | एकीकृत इ.प्रा. परिपत्र | खण्ड/ दफा/ बुँदा | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|---|
| | | | मुद्रा भन्दा बढी नहुने गरी मात्र भुक्तानी पठाउन सकिनेछ।<br>(२) भुक्तानी प्राप्त गर्नु पर्ने विदेशस्थित एजेन्टले सम्बन्धित ट्राभल/टूरको नाममा जारी गरेको इन्भ्वाइसको आधारमा मात्र भुक्तानी पठाउन सकिनेछ।<br>(३) उधारोमा उपलब्ध गराएको सेवा बापतको भुक्तानी उधारो असुल भएपछि मात्र पठाउन सकिनेछ। | प्राप्त विदेशी मुद्रा भन्दा बढी नहुने गरी मात्र भुक्तानी पठाउन सकिनेछ।<br>(२) **इजाजतपत्रप्राप्त ट्राभल/टूर एजेन्टले अन्य इजाजतपत्रप्राप्त ट्राभल/टूर एजेन्टबाट यस्तो सेवा खरिद गरी ग्राहकलाई उपलब्ध गराएमा उक्त सेवा बिक्री गर्ने इजाजतपत्रप्राप्त ट्राभल/टूर एजेन्टले देहायका शर्त पूरा हुने गरी विदेशी मुद्रा भुक्तानी पठाउन सक्नेछ :**<br>**(अ) सेवा खरिद गर्ने इजाजतपत्रप्राप्त ट्राभल/टूर एजेन्टलाई विदेशी मुद्राको विजक जारी गरेको हुनुपर्ने,**<br>**(आ) सेवा खरिद गर्ने इजाजतपत्रप्राप्त ट्राभल/टूर एजेन्टबाट बैंक खातामा विदेशी मुद्रा प्राप्त गरेको हुनुपर्ने,**<br>**(इ) सेवा खरिद गर्ने इजाजतपत्रप्राप्त ट्राभल/टूर एजेन्टबाट सो प्रयोजनको लागि प्राप्त गरेको विदेशी मुद्रा भन्दा बढी नहुने गरी भुक्तानी गर्नुपर्ने,**<br>(**३**) भुक्तानी प्राप्त गर्नु पर्ने विदेशस्थित एजेन्टले सम्बन्धित ट्राभल/टूरको नाममा जारी गरेको इन्भ्वाइसको आधारमा मात्र भुक्तानी पठाउन सकिनेछ।<br>(**४**) उधारोमा उपलब्ध गराएको सेवा बापतको भुक्तानी उधारो असुल भएपछि मात्र पठाउन सकिनेछ। |
| १५. | १३/ २०८२ | १० | व्यवसायिक कृषि, उत्पादनमूलक उद्योग, पूर्वाधार निर्माण र पर्यटनसँग सम्बन्धित नेपाली फर्म तथा कम्पनीले विदेशी संस्थाबाट नेपालमा विदेशी ऋण भित्र्याउने प्रयोजनका लागि इजाजतपत्रप्राप्त "क" वर्गका बैंकले विदेशी मुद्राको बैंक ग्यारेण्टी वा Standby Letter of Credit जारी गर्न सक्नेछन्। यसरी जारी भएको ग्यारेण्टी वा प्रतीतपत्र ऋणको बक्यौता साँवा र अवधिसम्म मात्र कायम रहनु पर्नेछ। विदेशी ऋण सम्बन्धी अन्य व्यवस्थाहरु नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ बमोजिम हुनेछ। | **सूचना प्रविधि उद्योग,** व्यवसायिक कृषि, उत्पादनमूलक उद्योग, पूर्वाधार निर्माण, पर्यटन उद्योग र **उर्जामूलक उद्योग**सँग सम्बन्धित नेपाली फर्म तथा कम्पनीले विदेशी संस्थाबाट नेपालमा विदेशी ऋण भित्र्याउने प्रयोजनका लागि इजाजतपत्रप्राप्त "क" वर्गका बैंकले विदेशी मुद्राको बैंक ग्यारेण्टी वा Standby Letter of Credit जारी गर्न सक्नेछन्। यसरी जारी भएको ग्यारेण्टी वा प्रतीतपत्र ऋणको बक्यौता साँवा र अवधिसम्म मात्र कायम रहनु पर्नेछ। विदेशी ऋण सम्बन्धी अन्य व्यवस्थाहरु नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ बमोजिम हुनेछ। |
| १६. | १४/ २०८२ | १.७.६ | कार्ड प्रयोगकर्ताले विदेशमा अनलाइनमार्फत् सेवा निर्यात गरेबापत आर्जन गरेको विदेशी मुद्रा | कार्ड प्रयोगकर्ताले विदेशमा अनलाइनमार्फत् सेवा निर्यात गरेबापत आर्जन गरेको विदेशी मुद्रा |

| क्र.सं. | एकीकृत इ.प्रा. परिपत्र | खण्ड/ दफा/ बुँदा | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|---|
| | | | समेत कार्डमा जम्मा हुने व्यवस्था मिलाउनु पर्नेछ । यसरी विदेशी मुद्रा प्राप्त रकम कार्ड प्रयोगकर्ताको अनुरोधमा निजको स्वदेशी वा विदेशी मुद्रा खातामा जम्मा हुन सक्ने व्यवस्था समेत गर्नु पर्नेछ । कार्डको मौज्दात अमेरिकी डलर ५,००० वा सो बराबरको परिवर्त्य विदेशी मुद्राभन्दा बढी भएको अवस्थामा सो बढी रकम अनिवार्य रुपमा निजको स्वदेशी वा विदेशी मुद्रा खातामा जम्मा गर्नु पर्नेछ । | समेत कार्डमा जम्मा हुने व्यवस्था मिलाउनु पर्नेछ । यसरी विदेशी मुद्रा प्राप्त रकम कार्ड प्रयोगकर्ताको अनुरोधमा निजको स्वदेशी वा विदेशी मुद्रा खातामा जम्मा हुन सक्ने व्यवस्था समेत गर्नु पर्नेछ । कार्डको मौज्दात **अमेरिकी डलर १०,०००** वा सो बराबरको परिवर्त्य विदेशी मुद्राभन्दा बढी भएको अवस्थामा सो बढी रकम अनिवार्य रुपमा निजको स्वदेशी वा विदेशी मुद्रा खातामा जम्मा गर्नु पर्नेछ । |
| १७. | १४/ २०८२ | १.७.७ | सेवा निर्यात गरी विदेशी मुद्रा आर्जन गरेका कार्ड प्रयोगकर्ताले विदेशबाट वस्तु तथा सेवा खरिद गर्दा भुक्तानीको लागि विदेशी मुद्रा सटहीको वार्षिक सीमा विदेशी मुद्रा आर्जन गरेको रकम र अमेरिकी डलर ५०० को योग बराबर हुनेछ । तर, यस्तो रकम बढीमा वार्षिक अमेरिकी डलर ५,००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्ममा मात्र सीमित हुनेछ । | सेवा निर्यात गरी विदेशी मुद्रा आर्जन गरेका कार्ड प्रयोगकर्ताले विदेशबाट वस्तु तथा सेवा खरिद गर्दा भुक्तानीको लागि विदेशी मुद्रा सटहीको वार्षिक सीमा विदेशी मुद्रा आर्जन गरेको रकम र अमेरिकी डलर ५०० को योग बराबर हुनेछ । तर, यस्तो रकम बढीमा वार्षिक **अमेरिकी डलर १०,०००** वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्ममा मात्र सीमित हुनेछ । |
| १८. | १९/ २०८२ | १.(छ) | (छ) बैंक तथा वित्तीय संस्थाहरूले एजेन्सी मौज्दातबाट आफ्नो दैनिक तरलतामा प्रतिकूल असर नपर्ने गरी बढीमा एक वर्ष वा सो भन्दा कम अवधिको कल डिपोजिट, सर्टिफिकेट अफ डिपोजिट वा यस्तै अन्य उपकरणहरूमा लगानी गर्न सक्नेछन् । सो भन्दा बढी अवधिका लागि लगानी गर्नु परेमा आफ्नो नीतिगत व्यवस्था अन्तर्गत रही एजेन्सी बैंकहरूमा रहेको कुल मौज्दातबाट बढीमा ४० प्रतिशत सम्म २ वर्षे अवधि सम्मको कल डिपोजिट, सर्टिफिकेट अफ डिपोजिट वा यस्तै अन्य न्युन जोखिम भएका उपकरणहरूमा लगानी गर्न सक्नेछन् । तर, पूर्ण तरल सरकारी सुरक्षणपत्रमा भने उपरोक्त सीमाभित्र रही अधिकतम ५ वर्षसम्मका लागि लगानी गर्न सक्नेछन् ।<br><br>तर यस्तो लगानी नेपाल सदस्य रहेको क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहयोग संगठनका बिभिन्न कोषहरूको परिवर्त्य विदेशी मुद्रामा प्राप्त हुने निक्षेप सोही मुद्रामा नै यस परिपत्र बमोजिम न्यून जोखिम भएका उपकरणमा लगानी गर्न उक्त ४० प्रतिशतको सीमा लागू हुने छैन । | (छ) बैंक तथा वित्तीय संस्थाहरूले एजेन्सी मौज्दातबाट आफ्नो दैनिक तरलतामा प्रतिकूल असर नपर्ने गरी बढीमा एक वर्ष वा सो भन्दा कम अवधिको कल डिपोजिट, सर्टिफिकेट अफ डिपोजिट वा यस्तै अन्य उपकरणहरूमा लगानी गर्न सक्नेछन् । सो भन्दा बढी अवधिका लागि लगानी गर्नु परेमा आफ्नो नीतिगत व्यवस्था अन्तर्गत रही एजेन्सी बैंकहरूमा रहेको कुल मौज्दातबाट बढीमा ४० प्रतिशतसम्म २ वर्षे अवधिसम्मको कल डिपोजिट, सर्टिफिकेट अफ डिपोजिट वा यस्तै अन्य न्यून जोखिम भएका उपकरणहरूमा लगानी गर्न सक्नेछन् ।<br>**तर,**<br>**(अ) उच्च** तरल (**Highly Liquid**) सरकारी सुरक्षणपत्रमा भने उपरोक्त सीमाभित्र रही अधिकतम ५ वर्षसम्मका लागि लगानी गर्न सक्नेछन् ।<br>**(आ)** नेपाल सदस्य रहेको क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहयोग संगठनका विभिन्न कोषहरूको परिवर्त्य विदेशी मुद्रामा प्राप्त हुने निक्षेप सोही मुद्रामा नै यस परिपत्र बमोजिम न्यून जोखिम भएका उपकरणमा लगानी गर्न उक्त ४० प्रतिशतको सीमा लागू हुने छैन । |

| क्र.सं. | एकीकृत इ.प्रा. परिपत्र | खण्ड/ दफा/ बुँदा | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|---|
| | | | | (इ) अन्तर्राष्ट्रिय क्रेडिट रेटिङ्ग एजेन्सीबाट A-/A3 रेटिङ्ग वा सो भन्दा माथिल्लो वर्गको रेटिङ्ग रहेको देशको उच्च तरल (Highly Liquid) विदेशी सरकारी ऋणपत्रमा गरेको लगानीको हकमा उक्त ४० प्रतिशतको कुल लगानी सीमामा १० प्रतिशत थप गरी बढीमा ५० प्रतिशत र अधिकतम ५ वर्षसम्मका लागि लगानी गर्न सक्नेछन् ।<br>(ई) सूचना प्रविधि उद्योग, व्यवसायिक कृषि, उत्पादनमूलक उद्योग, पूर्वाधार निर्माण, पर्यटन उद्योग र उर्जामूलक उद्योगले प्राप्त गर्ने विदेशी मुद्राको कर्जा सुविधा वा पूँजीगत वस्तु आयातका लागि बिक्रेताबाट उपलब्ध हुने उधारो सुविधाको विदेशी विनिमय जोखिम व्यवस्थापनका लागि उपलब्ध गराउने हेजिङ सेवाको अवधि तथा रकमभन्दा बढी नहुने गरी बढीमा ५ वर्ष अवधिका त्यस्ता वित्तीय उपकरणमा लगानी गर्न सक्नेछन् । |

अनुसूची १.९क

## ड्राफ्ट/टी.टी. को माध्यमबाट आयात हुने वस्तुको Shipment हुनुपूर्व आंशिक भुक्तानी भएको विवरण

| SN | Payment Date (YYYY-MM-DD) (in AD) | Reference no. | Applicant Name | Exim code | Exporter Name | Exporter Country | Currency | Total Amount in FCY | Total Amount in NPR | Advance Payment % during the month | Payment Amount (FCY) | Payment % till date | Payment Amount till date (FCY) | Outstanding Payment Amount (FCY) | Estimated Shipment Date (YYYY-MM-DD) (in AD) | Country of shipment | Country of origin | Custom point | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |